अनुसूची - २

(बुँदा ४.१ सँग सम्बन्धित आवेदनको ढाँचा)

# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

# कागबेनी आयुर्वेद औषधालय

कागबेनी, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

## करार सेवामा दरखास्त आह्वान सम्बन्धी सूचना!

(सुचना प्रकाशित मिति : २०७६/०६/१७)

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, कागबेनी, मुस्ताङको पत्र संख्या २०७६/७७, चलानी नं. १०३, मिति २०७६/०६/१४ को प्रत्यायोजित अख्तियारी बमोजिम यस कागबेनी आयुर्वेद औषधालय, कागबेनी, मुस्ताङमा रिक्त रहेको कार्यालय सहयोगी पदको लागि देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म (सो दिन सार्वजनिक विदा परे त्यसको लगत्तै कार्यालय खुलेको दिन) राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्य–विवरण, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ । रीत नपुगेको र तोकिएको समय सिमा बाहिर पर्न आएका दरखास्त उपर कारवाही गरिने छैन ।

**१. पदको विवरण र संख्या:**

| पदनाम | पद संख्या |
|---|---|
| कार्यालय सहयोगी | १ |

**२. योग्यता र अनुभव:**

क. नेपाली नागरिक ।

ख. न्यूनतम योग्यता:- सामान्य लेखपढ गर्न जान्ने ।

ग. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

घ. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३.दरखास्तमा संलग्न गर्नुपर्ने:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । पेश गरिने प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**४.दरखास्त दस्तुर:** रु १०००/- (अक्षेरेपी एक हजार मात्र) फिर्ता नहुने गरी ।

**५.पारिश्रमिक सुविधा:** सम्बन्धित पदको न्युनतम शुरु तलब स्केल ।

**६.परिक्षाको किसिम , मिति र समय:** अन्तर्वार्ता । सम्पर्क समयमा तोकिनेछ ।

**७.सम्पर्क मिति र समय:** दरखास्त दिने अन्तिम मितिको ठिक २:१५ बजे ।